गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

033803

## गरिमा विकास बैंक लिमिटेड र नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघबीच सम्झौता सम्पन्न भएको सन्दर्भमा प्रकाशित प्रेस विज्ञप्ति

गरिमा विकास बैंक लिमिटेडले नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ (ACAN) मा आबद्ध चार्टर्ड एकाउण्टेडहरुलाई आकर्षक व्याजदरमा विभिन्न कर्जा सुविधाहरु प्रदान गर्ने सम्बन्धमा गरिमा विकास बैंक लिमिटेड र नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ बीच एक सम्झौता सम्पन्न भएको छ। सो सम्बन्धी सम्झौता-पत्रमा गरिमा विकास बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री माधव प्रसाद उपाध्याय र नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघको तर्फबाट अध्यक्ष श्री अनुप नेपालले हस्ताक्षर गर्नुभएको हो । सम्झौता पश्चात नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ (ACAN) मा आबद्ध चार्टर्ड एकाउण्टेण्ट सदस्यहरुले न्युनतम आवश्यक कागजातमा रु.७५ हजार देखि रु.५ लाख सम्मको क्रेडिट कार्ड सुविधा प्राप्त गर्नुका साथै आवश्यक प्रक्रिया पूरा गरी बिना धितो रु.१५ लाखसम्मको व्यक्तिगत प्रोफेसनल कर्जा प्राप्त गर्न सक्नेछन ।

त्यसैगरी विकास बैंकले नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ (ACAN) मा आबद्ध चार्टर्ड एकाउण्टेण्ट सदस्यहरुलाई आकर्षक व्याजदरमा घर कर्जा र सवारी साधन कर्जा समेत प्रदान गर्नेछ ।

हाल गरिमा विकास बैंक लिमिटेडले **"अब आफ्नै घर"** भन्ने नाराका साथ ६.४९ प्रतिशतदेखि गरिमा आवास कर्जा तथा ५.९९ प्रतिशतदेखि नै गरिमा एसएमई तथा व्यवसाय कर्जा प्रवाह गरिरहेको छ ।

हाल, गरिमा विकास बैंक लिमिटेडको देशभर १२६ शाखा कार्यालय र ५१ एटिएमका साथै नविनतम डिजिटल बैकिङ मार्फत करिब ९ लाख ५० हजार ग्राहकहरुलाई सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह गर्दै आईरहेको छ ।

भवदीय,

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: LAZIMPAT, KATHMANDU

..............
अनिल रेग्मी
नायब प्रमुख कार्यकारी अधिकृत
मितिः २०८२/१०/११